# BELIEVERS EASTERN CHURCH WORLD HEADQUARTERS

Office of the Metropolitan, St. Thomas Community, Kuttapuzha P. O., Thiruvalla - 689103 Kerala, India.


# गोठालोको पत्र

अगस्ट / सेप्टेम्बर २०२४

सबै आर्चबिसप र बिसप, याजक र डिकन फादर, प्रचारक र अडर अफ सिस्टर्स, र विश्वव्यापी बिलिभर्स इस्टर्न चर्चका विश्वासी जनहरु, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तपाईंहरुमा आशीर्वाद र अभिवादन! आमेन! ✠

ख्रिस्टमा मेरा प्रिय जनहरु,

बिलिभर्स इस्टर्न चर्चको मेट्रोपोलिटन पिताको रुपमा प्रतिस्थापन भएपछि, यो मेरो पहिलो पत्र हो। म सुरुमै भन्न चाहन्छु, तपाईंहरुले मप्रति दर्साउनुभएको माया र प्रार्थनाको लागि म अत्यन्तै कृतज्ञ भएको छु। म हाम्रा स्वर्गीय पिताप्रति कृतज्ञ छु, किनकि उहाँ हामीप्रति धैरै विश्वासयोग्य हुनुभयो, र उहाँको प्रेमले हामीलाई विशेष गरी वर्तमान समयमा मार्गदर्शन गरेको छ।

यस पत्रमा, केही महत्त्वपूर्ण विषयहरुमा म तपाईंको ध्यान तान्न चाहन्छु।

**पहिलो**: अक्टोबर २०२४ को **युवा सम्मेलन** हो।

युवाहरु हाम्रो चर्चको भविष्य हुन्। यदि तिनीहरु आआफ्ना स्थानीय प्यारिस र समुदायहरुमा, आत्मिक रुपमा बलियो, जीवन्त र सक्रिय भए भने, हाम्रो चर्चको भविष्य सुरक्षित हातमा रहन्छ। यस उद्देश्यलाई ध्यानमा राखेर, हामीले अक्टोबर २०२४ मा **युवा सम्मेलनका** लागि प्रार्थना, तयारी र योजना गर्दै छौं, जहाँ विभिन्न डायोसिसका प्रतिनिधित्व गर्ने जवानहरुका बिचबाट चुनिएको समूह एकै ठाउँमा भेला हुने छन्। कृपया **युवा सम्मेलनका** लागि निरन्तर प्रार्थना गर्नुहोस्।

तपाईंको पारिवारिक प्रार्थनामा यस समारोहका लागि निरन्तर प्रार्थना गर्नुहोस्। यो **युवा सम्मेलन** समापन नहुन्जेल तपाईंको प्यारिसमा प्रार्थना सभाको योजना बनाउनुहोस्। सहभागीहरुका सुरक्षित यात्रा र हुँदै गरेका सबै तयारीका लागि प्रार्थना गर्नुहोस्, र यस भेलामा हाम्रा जवानहरु पवित्र जीवनको लागि जागृत हुन सकुन्।

**दोस्रो:** पवित्र चर्चको सेवा गर्नका लागि तयार हुन, तालिममा सहभागी हुन, आफ्नो जीवन समर्पण गर्न, हाम्रा प्यारिसहरुका समर्पित जवान भाइबहिनीको ठुलो खाँचो छ। येसुले भन्नुभयो, मानिसहरुका आत्मिक आवश्यकताहरु महत्त्वपूर्ण छन्, तर ती आवश्यकताहरु पूरा गर्न सक्ने मानिसहरु थोरै मात्र छन्। त्यसैले, हामी के गर्न सक्छौं? प्रभुले त्यो जिम्मेवारी पूरा गर्न सक्ने धेरै मानिसहरु पठाउन्, भनेर प्रार्थना गर्नुहोस् (सन्त मत्ती ९:३६-३८)।

यसलाई प्रार्थनाको एउटा विषय नै बनाउनुहोस्, र हाम्रा चर्च र परिवारहरुमा हुने सबै प्रार्थना सभाहरुमा हामीले यस विषयमा वर्षभरि निरन्तर प्रार्थना गरौं। यदि तपाईं अभिभावक हुनुहुन्छ भने, आफ्ना छोराछोरीलाई परमेश्वरको सेवामा आफ्नो जीवन समर्पण गरुन् भनेर प्रार्थना गर्नुहोस्। पहिले हामी आफैं उदाहरण बनौं र अरुले त्यसको अनुसरण गर्ने छन्।

**तेस्रो**: हाम्रा मेजर सेमिनरी, डायोसिसका सेमिनरीहरु र सिस्टर अफ क्रस तालिम केन्द्रहरुका नयाँ शैक्षिक सत्र सुरु भएका छन्। तालिम लिंदै गरेका प्रिय भाइबहिनीका लागि प्रार्थना गर्नुहोस्, ताकि उनीहरुले परमेश्वरको कामको लागि अध्ययन, तालिम र तयारी गर्न आफूलाई समर्पित गरुन्।

**चौथो**: पवित्र चर्चको आर्थिक खाँचोहरु पूरा गर्न हामी विश्वासयोग्य बनौं। सन्त पावलले हामीलाई माकेडोनियाको चर्चको सम्झना गराउँछन्, जसले दरिद्रताको बिचमा पनि आफ्नो क्षमताभन्दा धेरै योगदान पुऱ्याए (२ कोरिन्थी ८:१-५)। हाम्रो पवित्र चर्च यस्तो होस्, र उदारतापूर्वक, स्वेच्छाले र विश्वासयोग्यतासाथ दिने कुरामा अग्रसर हुन सकोस्, जसरी गरिब विधवाले “आफ्नो सारा जीविका नै अर्पण” गरिन् (सन्त मर्कुस १२:४१-४४)। याद गर्नुहोस्, परमेश्वरले खुसीसाथ दिनेलाई प्रेम गर्नुहुन्छ (२ कोरिन्थी ९:६, ७), र जब हामीले प्रभुलाई दिन्छौं, तब उहाँले स्वर्गका झ्यालहरु खोल्नुहुने छ र उहाँको आशिष् हामीमाथि खन्याउनुहुने छ, भनेर उहाँले प्रतिज्ञा गर्नुभयो (मलाकी ३:१०, ११)।

प्रिय छोराछोरी, मैले यो पत्रलाई अन्त्य गर्नुअघि, म तपाईंलाई यो कुरा सम्झाउन चाहन्छु, कि हाम्रो देश, राज्य र क्षेत्रका अगुवाहरुका लागि प्रार्थना गर्नु हाम्रो चर्चको जिम्मेवारी हो (१ तिमोथी २:१-४)। हामी विश्वासयोग्य भएर प्रार्थना गरौं। हिंसा र अस्थिरताबाट प्रभावित भएको बङ्गलादेशको लागि प्रार्थना गरौं – यसैले कि त्यो देशमा चाँडै शान्ति र स्थिरता कायम हुन सकोस्। कृपया प्राकृतिक विपदहरुले प्रभावित भएका क्षेत्रहरुका लागि पनि प्रार्थना गर्नुहोस्, ताकि सृष्टिकर्ता परमेश्वरले आफ्ना मानिसहरुमाथि दया र अनुकम्पा दर्साउन्।

**अन्त्यमा**, प्रिय दाजुभाइ तथा दिदीबहिनी, हाम्रा धन्य स्मृतिका महामहिम मेट्रोपोलिटन अथनेसियस योहान प्रथमले भन्नुहुन्थ्यो, प्रेरितको पुस्तक हाम्रो मार्गचित्र हो! यो नै हाम्रो कम्पास, अथवा अर्थोडक्स विश्वासको आधारभूत मार्गदर्शन हो। यो पुस्तक बारम्बार पढ्नुहोस्। हामी ती सिद्धान्तहरुलाई व्यक्तिगत, सामूहिक, प्यारिस र चर्चका रुपमा प्रयोग गरौं।

हामीले आफ्नो यात्रालाई अगाडि बढाउँदै गर्दा, आफ्नो दृष्टिलाई, पवित्र चर्चका प्रभु येसु ख्रिस्टमा केन्द्रित गरौं, र उहाँलाई मनपर्दो जीवन जिउनका निम्ति दैनिक रुपमा शक्ति र प्रेरणा पाउन सकौं। प्रेम र सेवा गर्ने हाम्रो मिसनमा पवित्र आत्माले हामीलाई निरन्तर मार्गनिर्देशन गरुन्, र हाम्रा सबै प्रयासहरु, दिगो फलदायी बनोस्, र पवित्र त्रिएक परमेश्वर— पिता, पुत्र र पवित्र आत्मालाई अहिले र सदासर्वदा महिमा, आदर, आराधना, सम्मान र श्रद्धा भइरहोस्। ✠

ख्रिस्टमा तपाईंको पिता,

मोरान मोर समुएल थिओफिलस मेट्रोपोलिटन

मिति : १२ अगस्ट २०२४

स्थान : विश्व मुख्यालय

---

**निर्देशन:** कृपया यो सुनिश्चित होस् कि यो पत्र सबै क्षेत्रीय भाषामा अनुवादित होस्, र सबै विश्वासीका प्रोत्साहनका लागि सबै स्थानीय चर्चमा वाचन होस्।